# काव्यतत्त्वका दृष्टिले *जागृतिराग* महाकाव्य

नित्यानन्द खतिवडा, विद्यावारिधि

उपप्राध्यापक : नेपाली

नेसंवि, पिण्डेश्वर विद्यापीठ, धरान

nityanandakhatiwada@gmail.com

https://doi.org/10.3126/pj.v5i8.73803

## लेखसार

प्रस्तुत अनुसन्धानात्मक लेख भानुभक्त पोखरेलद्वारा रचिएको *जागृतिराग* महाकाव्यको काव्यगत विश्लेषणमा आधारित रहेको छ। यसका लागि पूर्वीय महाकाव्यको तत्त्वगत सिद्धान्तलाई उपयोग गरिएको छ । यसमा काव्यतत्त्वका दृष्टिले जागृतिराग महाकाव्यलाई मुख्य शोधसमस्याका रूपमा लिइएको छ । पूर्वीय महाकाव्य सिद्धान्तअन्तर्गत काव्यतत्त्वलाई एक महत्त्वपूर्ण अवधारणा मानिन्छ । काव्यतत्त्वका दृष्टिले जागृतिराग महाकाव्य के कस्तो देखिन्छ भन्ने प्राज्ञिक समस्याको निरूपण गर्नु प्रस्तुत आलेखको उद्देश्य रहेको छ । गुणात्मक अनुसन्धान तथा विश्लेषणात्मक विधिको उपयोग गरिएको यस लेखमा पुस्तकालयीय स्रोतअन्तर्गत जागृतिराग महाकाव्यलाई प्राथमिक सामग्री र महाकाव्य सिद्धान्तसँग सम्बन्धित रहेका अन्य सामग्रीलाई द्वितीय स्रोतसामग्रीका रूपमा प्रयोग गरिएको छ। प्रस्तुत लेखमा महाकाव्यको काव्यतत्त्वगत रूपमा विश्लेषण गरिएको छ। यस आलेखमा पूर्वीय काव्यतत्त्वका दृष्टिले *जागृतिराग* मध्यमस्तरको महाकाव्य बन्न पुगेको निष्कर्ष प्रस्तुत गरिएको छ।

*शब्दकुञ्जी* : काव्यनायक, चेतना, प्रगतिवादी, शोषित, सामन्ती।

## विषयपरिचय

भानुभक्त पोखरेलको जन्म वि.सं. १९९३ साल असोज ८ गते पाँचथर जिल्लाको ओयाम, सेलेजुङमा भएको हो। माता लक्ष्मीदेवी र पिता प्रेमनारायण पोखरेलका सुपुत्र भानुभक्तले संस्कृत साहित्यमा आचार्य र नेपाली विषयमा स्नातकोत्तर एवम् विद्यावारिधिसम्मको अध्ययन गरेका छन्। त्रि.वि. अन्तर्गत स्नातकोत्तर क्याम्पस, विराटनगरमा प्राध्यापन गरी सेवानिवृत्त भएका यिनले आजीवन नेपाली

भाषासाहित्यको सेवा गरेका छन् । कविता, समालोचना, सन्दर्भ पुस्तक लेखन र सम्पादन गरेका यिनले नेपाली भाषा संस्कृति परिषद्, विराटनगरका (२०५४) का संस्थापक अध्यक्ष, युगनिर्माण अभियान नेपाल काठमाडौं (२०५८) का संस्थापक अध्यक्ष, नेपाल छात्रपरिषद्, वाराणसी (२०१७) का साहित्यमन्त्री भएर सेवा गरेका छन् । मदन पुरस्कार (२०४७), प्रतिभा पुरस्कार (२०५५), आदिकवि भानुभक्त पुरस्कार (२०६४), दीर्घसेवापदक (२०५३) (त्रि.वि.वि.) आदि पुरस्कार तथा सम्मानले सम्मानित यिनका मृत्युञ्जय (२०४७), जागृतिराग (२०५६) र हिमवत्खण्ड (२०६४) महाकाव्यहरू, राष्ट्रमाता (२०२७), मान्छेको म (२०३३), मेरी देवयानी (२०३९), पराशरको सृष्टियोग (२०५१) खण्डकाव्यहरू (सुवेदी, २०५६, पृ. ११) प्रकाशित छन् । यिनका उज्यालो फूल (२०२७), फूलबारी (२०४३), ढुङ्गाको टुसो (२०५३), मुसाको सिङ (२०६०) कवितासङ्ग्रहहरूसँगै साहित्यिक अनुशीलन (२०३५), कवि घिमिरे र उनका काव्यचिन्तन (२०३९), माधव घिमिरेका विशिष्ट खण्डकाव्य (२०३९), सिद्धान्त र साहित्य (२०४०), साहित्यिक समीक्षासङ्ग्रह (२०५५), कवि घिमिरेको रचनायोग (२०५९) आदि समालेचना ग्रन्थहरू प्रकाशित रहेका छन् । बहुमुखी प्रतिभाका धनी यिनका महाकाव्यमा मुख्यतया स्वच्छन्दतावादी चेत पाइन्छ (त्रिपाठी, २०६५, पृ. ९५) । यीबाहेक परिष्कारवादी शैली, पूर्वीय दर्शनको प्रयोग, राष्ट्रप्रेम, मानवतावाद तथा प्रगतिवादी चेतना यिनका काव्यगत पहिचान हुन् भने सामाजिक यथार्थका विविध विषयको प्रयोग, शास्त्रीय काव्यधाराप्रति सचेतता, छन्दवादिता, कलात्मक बिम्बप्रतीकमय भाषाशैलीजस्ता प्रवृत्तिहरू पनि काव्यगत चिनारी बनेका छन् । यिनको निधन वि.सं. २०७० साल कार्तिक महिनामा भयो । प्रस्तुत लेखको मूल विषय काव्यतत्त्वका आधारमा जागृतिराग महाकाव्यको विश्लेषण गर्नु हो । जागृतिराग महाकाव्यमा नेपाली समाजमा जीवित रहेको सामन्ती प्रथा र यसले निम्त्याएको उकुसमुकुसलाई मुख्य कथ्यसन्दर्भ बनाइएको छ । अशिक्षा र गरिबीका कारण चेतानास्तर कमजोर बन्दा समाजका कथित ठुला मानिएकाहरूले गर्ने व्यवहार कति निर्दयी र आक्रामक हुन्छ भन्ने यथार्थको उद्घाटन यस महाकाव्यमा भएको छ । काव्यमा विमलगायतका पात्रहरूमा जागरण आएपछि अन्यायका विरुद्ध प्रतिकार गर्ने भाव उत्पन्न भएको देखाएर प्रत्येक नागरिकमा अन्यायको विरोध गर्ने जागृतिप्रतिको राग आवश्यक छ भनिएको छ (सुवेदी, २०५६, पृ. १६) । नेपालको पूर्वी पहाड तथा भारतका दार्जिलिङ र बनारससम्मको परिवेश समेटिएको काव्यमा वार्णिक, मात्रिक छन्दको प्रयोग पाइन्छ भने बिम्बालङ्कारको यथोचित प्रयोगले काव्य शोभायमान बनेको छ । सबै जनमानसमा जागृतिको राग वा परिवर्तनप्रतिको चाह जाग्ने हो भने परिवर्तन सम्भव छ भन्ने प्रगतिवादी चिन्तन नै *जागृतिराग* काव्यको केन्द्रीय कथ्य बन्न पुगेको छ । यो परम्पराबिच एउटा फरक चेत बोकेको काव्य हो भन्ने राय प्रायः

समालोचकहरूको रहेको छ । अतः महाकाव्यका तत्त्वगत कसीमा घोटेर हेर्दा देखिने जागृतिराग काव्य नै यस अध्ययनको मुख्य विषयवस्तु हो ।

काव्यतत्त्वका दृष्टिले *जागृतिराग* महाकाव्य शीर्षक रहेको यस लेखमा भानुभक्त पोखरेलको काव्यगत चिनारी के कस्तो रहेको छ ? र काव्यतत्त्वका दृष्टिले जागृतिराग महाकाव्य कस्तो रहेको छ ? भन्ने समस्याहरू उठान गरिएका छन् । साथै समस्याकथनमा उठान गरिएका समस्याको प्राज्ञिक समाधानका लागि यहाँ भानुभक्त पोखरेलको काव्यगत चिनारी स्पष्ट पार्नु तथा काव्यतत्त्वका दृष्टिले *जागृतिराग* महाकाव्यको अध्ययन गर्नु भन्ने उद्देश्यहरू तय गरिएका छन् ।

प्रस्तुत आलेखको विषयसँग सम्बद्ध पूर्वकार्यहरूमा माधवप्रसाद घिमिरे (२०३९, पृ. २६) ले पच्चीस वर्षका खण्डकाव्य ग्रन्थमा भानुभक्त पोखरेलको काव्यशिल्पबारे चर्चा गर्दै सरल भाषाशैलीमा जीवन र जगत्का गहन विषयहरूलाई लयात्मक रूपमा प्रस्तुत गर्ने काम पोखरेलका काव्यकृतिमा पाइने विचार प्रस्तुत गरेका छन् भने तारानाथ शर्मा (२०५१, पृ. ५९) ले नेपाली साहित्यको इतिहास ग्रन्थमा भानुभक्त पोखरेलको अनुप्रासको सौन्दर्य र भावानुभूतिको तीव्रता भानुभक्तका काव्यगत विशेषता देखाएका छन् । दधिराज सुवेदी (२०६६, पृ. ५५) ले गरिमा पत्रिकामा भानुभक्तको काव्यिक व्यक्तित्वबारे चर्चा गर्दै उनलाई प्रतिभासम्पन्न कवि, समालोचक, काव्यचिन्तक तथा रचनाशिल्पी छन्दवादी कवि स्वीकारेका छन् भने राजेन्द्र सुवेदी (२०५६, पृ. ११) ले जागृतिराग काव्यको भूमिकामा भानुभक्त पोखरेल साहित्यक सैद्धान्तिक लेखक र शास्त्रीय विवेचक हुन् भन्दै स्वच्छन्दतावादबाट प्रवेश भएर प्रगतिशील चिन्तनधारामा लागी अस्तित्वनिर्माणमा मान्छे आफैं लाग्नुपर्ने विचारका पक्षपोषक भनेका छन् । यहाँ सङ्केत गरिएका तर अध्ययनमा नसमेटिएका जागृतिरागविषयक काव्यको काव्यतत्त्वबारे स्पष्ट पार्ने कार्य यस लेखमा गरिएको छ ।

जागृतिराग महाकाव्यको कृतिपरक अध्ययनमा सीमित रहेर अध्ययन गरिएको यस लेखमा प्रस्तुत विचारहरूले महाकाव्यकार भानुभक्त पोखरेल र उनको जागृतिराग महाकाव्यको काव्यतत्त्वबारे पाठकहरूलाई केही नयाँ ज्ञान दिनु नै यस लेखको औचित्य हो ।

## सैद्धान्तिक विधि एवम् आधार

प्रस्तुत लेखमा पुस्तकालयीय कार्यमार्फत् सामग्री सङ्कलन गरी तिनको उपयोग गरिएको छ । यसबाट प्राथमिक र द्वितीयक सामग्री सङ्कलन गरी तिनको विश्लेषण गरिएको छ । विश्लेषणका निम्ति

महाकाव्यका तत्त्वलाई सैद्धान्तिक रूपमा उपयोग गरिएको छ । यसरी निगमनात्मक अनुसन्धान विधिलाई प्रयोग गर्दै विश्लेषणबाट प्राप्त निष्कर्षलाई यहाँ प्रस्तुत गरिएको छ ।

महाकाव्य जीवन र जगत्को व्यापक रूप हो । यसमा अनुभूतिको विराट् प्रवाह पाइन्छ । महाकाव्यमा निश्चित तत्त्वहरू सन्निहित हुन्छन् । महाकाव्यको तत्त्वबारे विद्वान्हरूबिच मतैक्य नपाइए पनि सबैले विश्वनाथको काव्यलक्षणलाई आधार मानेको पाइन्छ । संस्कृत काव्यसाहित्यमा कथानक, नायक, रस, उद्देश्य, भाषा तथा पाश्चात्यमा कथावस्तु, चरित्र, विचार र पदावलीलाई महाकाव्यका तत्त्व मानिएको छ (थापा, २०७३, पृ. ६२) । महाकाव्यमा खासगरी अनुभूतिको विराट् आख्यानीकरण वा कथावस्तु, पात्र वा चरित्रविधान, परिवेश वा वातावरण, केन्द्रीय कथ्य वा उद्देश्य, संरचना, भाषाशैली, छन्द वा लय, बिम्बालङ्कार आदि तत्त्वहरू समाहित रहेका हुन्छन् (त्रिपाठी, २०६५, पृ. ९१) । कथानक महाकाव्यको बलियो शक्ति हो भने पात्र, परिवेश र भावले यसलाई जोडेको हुन्छ । लयबद्धता, बिम्बालङ्कार यसका पहिचान हुन् । यस लेखमा पूर्व र पश्चिममा दुवै काव्यसाहित्यमा आत्मसात् गरिएका र नेपालमा प्रचलित काव्यतत्त्वलाई काव्यविश्लेषणको सैद्धान्तिक आधार मानिएको छ ।

## विषय विश्लेषण

काव्यत्त्वका आधारमा जागृतिराग अध्ययन गर्न सकिने महाकाव्य हो । यहाँ काव्यका कथावस्तु, पात्र, परिवेश, विचार, भाषा, रस, छन्द, शीर्षक, बिम्बालङ्कार आदि तत्त्वका आधारमा विवेच्य काव्यको अध्ययन गरिएको छ ।

### कथावस्तु

*जागृतिराग* काव्यकार भानुभक्त पोखरेलद्वारा रचित तथा वि.सं. २०५६ सालमा प्रकाशित स्वच्छन्दतावादी प्रगतिवादी महाकाव्य हो । दुईवटा पर्वमा विभाजित यस काव्यमा पहिलो पर्वलाई अङ्कुरण र दोस्रो पर्वलाई प्रस्फुरणको संज्ञा दिइएको छ । अङ्कुरण पर्वमा नौवटा र प्रस्फुरण पर्वमा आठवटा गरी काव्यमा जम्मा सत्रवटा सर्गहरू कायम गरिएका छन् । यसमध्ये अङ्कुरण पर्वमा काव्यनायकको चरित्र निर्माण गरिएको छ भने प्रस्फुरण पर्वमा काव्यनायकको कार्यक्षेत्र र यसको प्रभावलाई चित्रण गरिएको छ । काव्यका सत्रवटा सर्गहरूमध्ये प्रथम सर्गमा आफ्नै वंशवृत्त, स्वभाव र निर्मितिको वर्णन रहेको छ भने दोस्रो सर्गदेखि सत्रौं सर्गसम्म काव्यनायक विमलको जीवनचक्रमा जोडिन आएका उतारचढाव, सङ्घर्ष, पीडा, समाज आदिलाई चित्रण गरिएको छ । पिताविहीन ब्राह्मणपुत्र विमल आमाको संरक्षण र निरीक्षणमा पन्ध्र,

सोह्र वर्षको भएपछिको देखाइएको छ भने यही समयमा ऊ साहू नरेन्द्र विडारीको घरमा गोठालो बस्न पुगेको छ । यसै क्रममा खुजी नाम गरेकी टुहुरी केटीसँग विवाह गरेको विमल आफूले हेर्ने गरेको भैंसी लडेर मर्दा मालिकबाट गहिरो पिटाइ भोग्दछ । भैंसीको क्षतिपूर्तिवापत विमलको जग्गा साहू नरेन्द्रले बन्धक राख्दछ । यस्तो दयनीय अवस्था सहन नसकी भागेर ढाक्रेहरूको साथ लागेर दार्जिलिङ पुग्दछ । बाटामा राम्रो आर्थिक अवस्था भएका थापा परिवारलाई भेटी तिनकै साथ लागेर असल मान्छे बन्ने सर्तमा वनारस पुग्दछ । थापाको घरमा बसेको विमल बिरामी पर्दा थापा परिवारले अस्पताल पु-याएर बेपत्तासँग छाड्दछन् । बिरामीबाट उठेपछि विमल थापा परिवारलाई छोडेर होटलमा भाँडा माझ्ने श्रमिक बन्न पुग्दछ । रुघाखोकी लागेर खकारमा रगत देखिएपछि क्षयरोग लागेको शङ्का गरी होटेल मालिकले कामबाट निकालिदिन्छ । यसपछि एउटा सन्तको सम्पर्कबाट सन्यासीहरूका आश्रममा साधु बनी सन्यास धारण गर्ने सँगसँगै अध्ययन पनि गर्दछ । एकदिन घाटमा गङ्गास्नान गर्न जाँदा गाउँका चिनजानका तीर्थालु भक्तजनहरू भेटिन्छन् । मनमा रहेको द्विविधा मेट्दै गाउँमा आमा अनि पत्नीले भोगेको दुरावस्थाबोध गर्दछ । सन्यास, धर्म, नीतिनियम, अध्ययनको परिणामले सात, आठ वर्षको प्रयासपछि एकदिन विमल शास्त्री परीक्षा उत्तीर्ण गरी सुस्नातक व्यक्तित्वका रूपमा दरिन्छ ।

शास्त्री परीक्षा उत्तीर्ण गरेको विमल विस्तारै नेपाली विद्यार्थीहरूको सङ्गठन संस्था 'नेपाली छात्र सङ्घ' मा जोडिन्छ । त्यहाँ विमललाई विविध पक्षहरूबाट हेरियो । विमल सन्यास आश्रमबाट गृहस्थाश्रममा आउन सक्ने वा नसक्नेबारे छलफलहरू भए । त्यहाँ विद्यार्थीहरूको चेतनास्तर, विश्वेश्वर र पुष्पलालका चिन्तनधाराहरू उत्तेजक र रोमाण्टिक रूपमा उपस्थापित भए । नेपालमा पञ्चायती व्यवस्थाका रूपमा स्थापित सामन्ती व्यवस्था अर्ध सामन्ती व्यवस्था, विकृत शासनव्यवस्थाबाट नेपालीहरू आतङ्कित बनिरहेका थिए । देशभित्र र बाहिर पनि पञ्चायती शासनव्यवस्थाका विरुद्ध सङ्घर्षको वातावरण बन्दै थियो । विश्वेश्वरको प्रजातान्त्रिक समाजवाद र पुष्पलालको नौलो जनवाद आदिको प्रभाव परिरहेको थियो । २०३० पछि विश्वेश्वरप्रसादले प्रस्तावित गरेको मेलमिलापको राजनीतिक मागबारे विद्यार्थीहरूमा छलफलको विषय बन्यो । काङ्ग्रेसले यस मार्गलाई अनुसरण गर्न पुग्यो । काव्यकारले काव्यनायक विमललाई पनि यसै मान्यताअनुरूप ढाल्दै सन्यास आश्रम छोडाएर स्वदेश प्रवेश गराएका छन् । यस अवस्थालाई हरण भएको प्रजातन्त्रको पुनर्बहालीको प्रयास मान्न सकिन्छ ।

नेपालमा बिस्तारै गाउँगाउँतिर चेतनाको साक्षर अभियान बढ्दै गएको छ र विमलको गाउँ पनि यसमा मिसिएको छ । विमलमा विदेशको तातो वातावरणबाट स्वदेशको चिसो र शीतल वातावरण तथा

चेतनामा ऊर्जाको सञ्चार भएको देखिन्छ । घरको स्थिति र गाउँको भद्रगोल अवस्थाले चिन्तित बनेको विमल समग्र देशको हालत देखेर विरक्तिन्छ । श्रीमतीको गृह आगमनले विमललाई केही रसिकपनको अनुभव हुन्छ । गृहको कर्तव्यसँगै विमलमा बिस्तारै सामाजिक चेतनाले पनि स्पर्श गर्दछ भने रविलाल सिटौलाजस्ता विचार र कार्यमा सहभागी हुने पात्र पनि उसँग जोडिन आएका छन् । यी कारणहरूले शिक्षित विमलमा वर्गीय चेतनाका कारण नरेन्द्र विडारीसँग घर्षण हुनथाल्छ । घर, व्यवहार, रहनसहन, लेनदेनजस्ता जीवनसम्मत विषय तथा सामाजिक संरचनामा देखिएका सडलपडलहरू प्रगतिका बाधक बनेर आउँछन् । समाजको हितका लागि समानता र अधिकारको विषय उठान गर्दा विमलले जातपातसम्बन्धी धर्मद्रोही मुद्दा खेप्नु पर्छ । सन्यासी बनेको मान्छे पुनः गृहस्थीमा जोडिएर जातपात पतन गराएको अभियोगमा सात वर्षका लागि जेल चलान हुन्छ । यही कारण आमा र श्रीमतीको समस्या बल्झिएर विमललाई परिस्थितिले अग्निपरीक्षा लिइदिन्छ । मुलुकी ऐन लागु हुने प्रसङ्गमा सजाय अवधि बाँकी रहँदै आम माफी पाएर विमल कारागार मुक्त हुन्छ । यही क्रममा साथी रविलालको जागिर सामन्ती नरेन्द्रकै छोरामा सरिसकेको हुन्छ ।

पहाडी जीवनपद्धतिबाट वितृष्णाबोध भएको विमल झापाली झोडामा सुकुम्बासी बनेर तराईतिर झर्दछ । तराईमा पनि नरेन्द्रकै प्रतिनिधिहरू सुकुम्बासीबाट केही पैसा लिएर जङ्गल फँडानी गर्न अनुमति दिन्छन् । जङ्गल फाँडेर जमिन आवाद भएपछि धान थन्क्याउन दलबलसहित तिनै सामन्ती आइपुग्छन् । यहाँ पनि विमलको सामन्तसँग ठाकठुक पर्दछ । विस्तारै प्रत्येक विमलहरूमा सङ्गठनप्रतिको सचेतता आएपछि विमलको समूहले शोषक समन्तका विरुद्ध धावा बोलेपछि जमिन्दार र तिनका चम्चाहरू पराजित बनेको सुकुम्बासी कृषकहरूले धान आफ्नै भकारीमा थन्क्याएको प्रसङ्ग काव्यमा उपसंहार बनेको छ ।

यसरी नेपालको मूलतः पञ्चायती व्यवस्थाको समयभरिको कालखण्डको परिवेशमा आबद्ध विषयवस्तु यस महाकाव्यमा रहेको छ । आदि, मध्य र अन्त्यको शृङ्खलामा बाँधिएको यस काव्यको कथानक सरल रहेको देखिन्छ । काव्यनायक विमललाई केन्द्र बनाएर उसकै वरिपरि काव्यको कथानक हिँडेको छ । मूलतः सामाजिक विषयवस्तु रहेको काव्यमा निहित राजनीतिक परिदृश्यले थप रोचकता थपेको छ । पूर्वीय काव्यमान्यताका केही परिसूचकहरू पालन गरे पनि काव्यमा निहित कथावस्तु नवीन रहेको छ । समाजमा व्याप्त शोषण, दमन, अत्याचार, थिचोमिचो, अन्याय, विसङ्गति र अन्त्यमा सङ्गठित रूपमा गरिएको प्रतिकारबाट प्राप्त जनताको आंशिक विजयजन्य उहापोहलाई काव्यले कथावस्तु बनाएको छ । काव्यकारमा रहेको प्रजातन्त्रप्रतिको निष्ठा तथा जनतामा रहेको न्याय, समानतालाई काव्यले कथावस्तुका रूपमा देखाएको छ ।

## पात्र वा चरित्र

*जागृतिराग* महाकाव्यमा विमल, नरेन्द्र, थापाथपेनी, होटलमालिक, घरेलु नोकर, मजदुर, विद्यार्थी समूह, खुजी, आमा, सन्तलगायतका पात्रहरू प्रयोग गरिएका छन् । यी मध्ये विमल, नरेन्द्र आदिको भूमिका काव्यमा महत्त्वपूर्ण रहेको छ भने अन्यको केही कम देखिन्छ ।

## विमल

विमल यस महाकाव्यको प्रमुख पुरुष चरित्र वा नायक हो । पितृविहीन ब्राह्मण कुलमा जन्मिएको विमलको पालनपोषण र संरक्षण आमाबाट भएको छ । आर्थिक रूपमा विपन्न यो पात्र गाउँको सामन्त नरेन्द्र विडारीको घरमा बसेको छ । यही क्रममा स्थानीय खुजी नामकी केटीसँग उसको विवाह भएको छ । आफूले हेर्ने भैंसी लडेर मर्दा मालिकबाट कुटाइ खान्छ भने भएको जमिन पनि क्षतिपूर्तिका नाममा मालिकबाट जबरजस्त बन्धक राखिन्छ । एकातिर कुटाइ खानु तथा अर्कातिर भएको जमिन पनि बन्धक रहेपछि विमल डरले ढाक्रेहरूको साथ लागी दार्जिलिङ अनि वनारस पुग्दछ । गरिब र असहायको कोही हुँदैनन् भनेझैं विमलले जहाँजहाँ काम ग-यो त्यहाँ अपमान, अन्याय, शोषण र तिरस्कार भोग्नुप-यो । अन्त्यमा सन्तसँग लागेर शास्त्रीसम्म उत्तीर्ण गरी सन्यासी बन्यो भने विद्यार्थी सङ्गठनमा लागी अधिकार र सङ्गठनबारे ज्ञान प्राप्त गरी गाउँ फर्कियो । परिवार समाल्दै नरेन्द्रसँग मुलाविला र जेलनेल भोगी झापातिर सुकुम्बासी बनेको, जातपात भड्काएको नाममा जेलसमेत परेर छुटेपछि सामन्तहरूसँगको प्रतिकारबाट आंशिक अधिकार प्राप्त गरेसम्मको चरित्रको वर्णन काव्यमा पाइन्छ ।

विमल यस काव्यको मुखपात्र हो । ऊ एक शिक्षित, प्रगतिशील, अन्याय नसहने र श्रमजीवी वर्गको पात्र हो । जति श्रम गर्दा पनि नरेन्द्र जस्ता सामन्तीहरूलाई फल बुझाउन बाध्य विमलमा पारिवारिक र सामाजिक जिम्मेवारीको बोध पाइन्छ । सङ्गठित भएर सङ्घर्ष गर्दा सफलता मिल्दछ भन्ने बोध भएको यस पात्रमा धार्मिक आस्थाभाव पनि रहेको देखिन्छ । क्रान्तिविना परिवर्तन सम्भव छैन भन्ने काव्यकारको विचारलाई बोकेको यस पात्रको चरित्र वर्णनमा निकै रोचकता र कौतूहल पाइन्छ । प्रत्येक विमलहरू शिक्षित भए भने नरेन्द्रहरूको पराजय भई समाज र समग्र देश नै प्रगतिको बाटोमा जानेछ भन्ने सन्देश दिन यो पात्र सफल देखिन्छ ।

## नरेन्द्र विडारी

नरेन्द्र विडारी *जागृतिराग* महाकाव्यको अर्को मुख्य पुरुष चरित्र हो । यो समग्र समाजको सामन्ती वर्गको प्रतिनिधि पात्र वा काव्यको खलपात्र हो । नायक विमल र समाजको अवरोध बनेको नरेन्द्र पञ्चायती व्यवस्थाको पक्षपोषण गर्ने पात्र हो । काव्यनायक विमललाई मानसिक र शारीरिक यातना दिन उद्यत नरेन्द्र सर्वसाधारण जनताको आर्थिक प्रगतिलाई सहन गर्न सक्तैन । जग्गा कब्जा गर्नु, धम्क्याउनु, गुण्डा प्रयोग गर्नु, सामन्ती व्यवस्थाको जालो तयार गर्नु यस पात्रको प्रवृत्ति हो । काव्यमा यस पात्रलाई पूँजीवादी समाजको अराजक चरित्रका रूपमा चित्रण गरिएको । अरूप्रति अन्याय गर्नु, अपमान गर्नु उसको दैनिकी बनेको छ । जस्तै -

फसे उल्टै अर्को दुखद घटनामा अझ उनी
यौटा भैंसी अभर परि आफैं भिरमनि
'डुबिस तैं बाँकी अगति भतुवा, स्वाँठ टुहुरा !'
भनी, पिट्नै लागे दिनहुँ सरि ती साहु मुखिया । (अङ्कुरण पर्व, पृ.४८ : २५ श्लोक)

नरेन्द्र जस्ता चरित्रको कार्य भनेकै राज्यका स्वास्थ्य, शिक्षा आदि सबै क्षेत्रमा कब्जा गरेर मालिक बनिरहनु हो । नकारात्मक चरित्र, जमिन्दार, शोषक, अनुशासनहीनता यस पात्रमा पाइने विशेषताहरू हुन् । आफ्नो प्रतिनायकी चरित्रमा स्थिर रहेको यस पात्रका गतिविधिहरू खराब छन् र यस्ता सामन्तीहरूको अन्त्य नभएसम्म समाजले आर्थिक उन्नति गर्न, समानतासँगै अधिकारको स्थापना हुन सक्तैन भन्ने विचार काव्यकारले राखेका छन् ।

*जागृतिराग* महाकाव्यमा विमल र नरेन्द्रबाहेक थापाथपेनी, होटलमालिक, जवेगु, पौडेल, नेवार, मादेन, वान्तवा जस्ता विविध जातजातिका पात्रहरू पनि प्रयोग गरिएका छन् । यी पात्रहरू पनि देश र जनताको विकासभन्दा नरेन्द्रकै बाटोमा हिंडेका छन् । विमलजस्ता सोझा निमुखा र यमान्दार किसानहरूलाई दुःख दिनु, धम्क्याउनु र नरेन्द्रको चाकरी गर्नु यिनको खास कार्य देखिन्छ । समाजलाई विकासभन्दा विनाशको गतितिर डोऱ्याउनु यिनको प्रवृत्ति हो । त्यस्तै वनारसका अध्यापकद्वय नन्दीकेशर खतिवडा र गङ्गाप्रसाद लम्साल पनि काव्यमा पात्र बनेर आएका छन् । अविचलित स्वभाव भएका यिनको कार्य भनेकै आफ्नो धर्म, संस्कृतिको रक्षा गर्दै विमल जस्ता शिष्यहरूलाई शिक्षाको चेतना प्रदान गर्नु हो । काव्यमा शोषित वर्गका मजदुर, किसान, होटेलका नोकरहरू पनि रहेका छन्, जो शोषकहरूको शोषणमा परेर जेनतेन जीवन चलाउन

बाध्य छन् । यहाँ सन्यास आश्रममा रहेका केही सन्तहरू पनि पात्रका रूपमा आएका छन् । विमलको सन्यास जीवनमा प्रत्यक्ष-परोक्ष भूमिका यिनको देखिन्छ भने वनारसमा रहँदा विमलका विद्यार्थी सङ्गठनका साथीहरू पनि रहेका छन् जसले विमललाई देश र जनता तथा गाउँ र परिवारप्रति कर्तव्यबोधसँगै सङ्गठित बन्न सहयोग पु-याएका छन् । विमलकी श्रीमतीको भूमिकामा रहेकी खुजी र आमाको भूमिका पनि काव्यमा पाइन्छ । शोषित, पीडित भएर पनि जसोतसो जीवन चलाउने आमा तथा विमलको कार्यकलापमा सहयोग पुऱ्याउने कार्य यी पात्रको देखिन्छ ।

## मूलविचार/सन्देश

*जागृतिराग* काव्यकार भानुभक्त पोखरेलको एउटा प्रगतिशील विचार बोकेको स्वच्छन्दतावादी काव्य हो । यस काव्यमा विविध विषय समेटिए पनि केन्द्रमा वर्गीय द्वन्द्वलाई देखाई गरिबवर्गको गाँस, बास र कपासको व्यवस्था भएको मानवता र स्वतन्त्रतायुक्त समाज र राष्ट्रनिर्माणको कामना गर्नु हो । काव्यमा यो सन्दर्भ मुख्यतया विमल र नरेन्द्रसँग सम्बन्धित गराएर प्रस्तुत गरिएको छ । काव्यकार विचारका प्रस्ट छन् । उनी जे भन्छन् स्पष्ट भन्छन् । काव्यको प्रत्येक सर्ग र सन्दर्भहरूमा परिवर्तनप्रतिको भोक छताछुल्ल बनेर आएको छ । काव्यमा अघि बढ्न खोज्नु मानवीय स्वभाव हो र त्यसमा अवरोध आउँदा द्वन्द्वको विकास हुन्छ भनिएको छ । सङ्घर्षबाट नै मानिसले उन्नति गर्छ भन्दै अन्यायका विरुद्ध एकजुट भई जाइलाग्दा सफलता प्राप्त हुने कुरा विमलहरूको सचेत र एकताबद्ध सङ्घर्षले देखाएको छ । एउटा सङ्घर्षले देखाएको छ । एउटा सङ्कल्प लिएर अघि बढ्ने मानिसले नै जीवनमा सफलता पाउँछ भन्ने विषय विमलका माध्यमबाट देखाउँदै त्यसका लागि शिक्षाको चेतना आवश्यक पर्ने भाव पनि काव्यमा पाइन्छ । अन्याय गर्नु र सहनु दुवै पाप हो भनिएको काव्यमा मान्छे मानवतावादी बन्न सक्नुपर्ने र यसकै आडमा नसोचेका उपलब्धिहरू प्राप्त गर्न सकिने प्रेरणादायी विचार प्रस्तुत गरेको छ । नेपाली प्रकृतिको महिमागान गर्दै जन्मभूमिप्रति अगाध आस्थाभाव हुनुपर्ने आशयसँगै मानव जीवनलाई बगिरहेको नदीसँग तुलना गर्ने कार्यसमेत यहाँ पाइन्छ । त्यस्तै पेटको भोक संसारमा सबैभन्दा ठूलो भोक भएकाले यही अन्त्यका लागि लाखौं नेपालीहरू विदेशिन बाध्य भएको तीतो यथार्थ पनि काव्यमा रहेको छ । विमलका माध्यमबाट स्वदेशमा समस्या भएर विदेशिएकाहरू दीनहीन जीवनशैलीका कारण पशुभन्दा निरीह जीवन बाँच्नुपरेकाप्रति काव्यमा व्यङ्ग्य गरिएको छ । स्ववास तथा प्रवास जहाँ गए पनि इमान्दार नेपालीहरूले पीडा भोग्नुपर्ने कारण आफ्नो जन्मभूमिमा नै स्वाभिमानपूर्ण बाँच्न पाउनुपर्ने आवाज काव्यमा पाइन्छ । परिवर्तनका लागि शिक्षा लिनुपर्ने र सङ्गठित नबनी आफ्ना लागि आफैं लड्नुपर्छ भन्ने रागको विकास हुँदैन र समाज गतिशील नबन्ने कारण परिवर्तनप्रतिको जागृतिराग सबैमा

हुनुपर्छ भन्ने प्रगतिशील विचारले काव्य सशक्त बनेको छ । काव्यमा विचार पनि दर्शन बनेर आएको छ । पूर्वीय दर्शनले आत्मसात् गरेका मान्छेको एकमात्र सहारा ईश्वर हो; जीवन र मृत्यु अन्तिम सत्य हो, सेवा नै धर्म हो तथा कर्म गर फलको आशा नगर भन्ने दार्शनिक उपदेश काव्यमा पाइन्छ । विमलका माध्यमबाट नै यी विचारहरू अभिव्यक्त भएबाट काव्यकारको पनि यी विचारप्रति समर्थन रहेको देखिन्छ । गरिबीको अन्त्यका लागि शिक्षाको महत्त्व देखाउनु, मानवअधिकार, स्वतन्त्रता, समानता र सुशासनविना देश र जनता समृद्ध बन्न नसक्ने बताउनु र समयअनुसार चल्न सक्नुपर्ने प्रेरणा दिनु पनि यस काव्यको महत्त्वपूर्ण विचार हो ।

स्वच्छन्दतावादी भाव र प्रगतिवादी विचार बोकेको *जागृतिराग* काव्यले आज पनि नेपाली समाजमा अन्धविश्वास, कुरीति, शोषण, अन्याय, अत्याचार कायम रहेकाले यसमा परिवर्तन आवश्यक छ भन्दै २००७ सालदेखि नै जनतामा परिवर्तन र जागरणको राग आएको तथा नयाँ मुलुकी ऐनसँगै जनता आशावादी बनी सचेततापूर्वक अघि बढेको कुरा काव्यनायक विमलका माध्यमबाट देखाइएको छ । यद्यपि काव्यकारले लिएको प्रगति र परिवर्तनप्रतिको लक्ष्य प्राप्ति गर्न राजेको काव्यनायक र मुलुकी ऐनसँगै सबै कुरा ठीक भएको अनि जनताले न्याय पाएको भन्ने आशय सन्देहपूर्ण देखिन्छ । आज पनि जनता न्याय र अधिकारका लागि सङ्घर्ष गरिरहेका छन् । व्यवस्था परिवर्तन भए पनि अवस्था परिवर्तन हुन नसकेको कटु यथार्थ हामीमाझ भए पनि काव्यले बोकेको परिवर्तनकारी विचार तथा क्रान्तिविना शान्ति र परिवर्तन असम्भव छ भन्ने प्रगतिवादी विचार नै यस काव्यको मूलभाव वा विचार हो । काव्यले दिएको सन्देशलाई महाकाव्यमा सारका रूपमा यसरी प्रस्तुत गरिएको छ -

क्रान्ति भन्नु जगती जनताको
उत्तरोत्तर विकास-क्रिया हो
किन्तु नित्य त्यसले गतिशील
सम्परिष्कृत भने हुनुपर्छ । (प्रस्फुटन पर्व, पृ.१४५ - ३९ श्लोक)

**संरचना**

*जागृतिराग* महाकाव्यको काव्यिक संरचना गहकिलो रहेको छ । विमल र नरेन्द्रहरू बाँचेका पञ्चायतकालीन अर्धसामन्ती समाजलाई विषयवस्तु बनाइएको यस काव्यमा राजनीतिक संरचना पूँजीवादी-प्रतिक्रियावादी एवम् सामन्तीवादी रहेको छ । काव्यको प्रबन्धविधान आकर्षक बनेको पाइन्छ । कथाबाट हुने अन्तर्वस्तुभित्र जति व्यापक सामग्री जागरित हुन्छ त्यसलाई काव्यकारले सीमित गर्ने प्रयास गरेका छन् ।

काव्यको आयतन, वर्णन र प्रस्तुतीकरण व्यापक बन्न सक्ने सम्भावना भए पनि काव्यलाई हतारोमा लक्ष्यमा पु-याउने प्रयास देखिन्छ । नेपाली समाजका यथार्थ वस्तुतथ्यलाई लिइएको यो काव्य जम्मा १४७ पृष्ठ र अङ्कुरण तथा प्रस्फुरण खण्ड गरी १७ सर्गमा संरचित देखिन्छ । यसमध्ये भूमिका र लेखकीय खण्ड ३४ पृष्ठ तथा समर्पण संयोजनको एक पृष्ठसँगै अङ्कुरण पर्वको ३० पृष्ठमा नौ सर्ग अनि प्रस्फुरण पर्वको आठ सर्ग काव्यमा रहेको छ । अन्त्यमा परिशिष्ट एक गरी जम्मा १४७ पृष्ठको आयतन काव्यमा पाइन्छ । मुख्य पात्र विमलको जीवनमा जोडिन आएका उहापोहहरूलाई नै काव्यले विषयवस्तुगत स्वरूप बनाएको छ ।

वार्णिक र वर्णमात्रिक छन्दको प्रयोग भएका ४९२ वटा पद्यहरूमा काव्यको मूलपाठ अडिएको छ । अनुष्टुप छन्दको रोचक र घोचक प्रयोगसमेत यहाँ पाइन्छ । अन्य पक्षसँगै काव्यमा प्रयुक्त भाषाशैली र अलङ्कार पक्ष पनि प्रभावकारी रहेको पाइन्छ । कलात्मक भाषाशैली, प्राकृतिक अलङ्कार, रीति, गुण, करूण रससँगै शान्त, श्रृङ्गार र वीर रस तथा ध्वनिको स्वरूपगत कलाचातुर्यपूर्ण प्रयोगले काव्य चमत्कृत बनेको छ । तसर्थ एउटा पूर्ण काव्य बन्नका लागि आवश्यक पर्ने सम्पूर्ण पक्षहरूसँगै कथावस्तु, पात्र, भाषाशैली, छन्द, अलङ्कार, शीर्षकको प्रयोगबाट जागृतिराग एउटा सबल महाकाव्य बन्न पुगेको पाइन्छ ।

**भाषाशैली**

भाषा रचना प्रस्तुतिको माध्यम हो भने प्रस्तुतिको तरिकालाई शैली भनिन्छ । जागृतिराग काव्यमा रोचक र कलात्मक भाषाको प्रयोग पाइन्छ । काव्यमा तत्सम, तद्भव र आगन्तुक शब्दको सुन्दर आयोजन रहेको छ । एउटा महाकाव्यमा आवश्यक पर्ने काव्यमय भाषाको प्रयोगका कारण काव्य ओजपूर्ण देखिन्छ । संस्कृतको उच्च शिक्षा लिएका काव्यकार पोखरेलले काव्यको आख्यान वर्णन तथा स्वदेश र विदेशको स्थान वर्णनमा प्रयोग गरेको भाषा लालित्यमय रहेको छ । नेपाली लोकजीवनमा भिजेका ठेट शब्दसँगै तत्सम शब्दको साङ्गीतिक झङ्कार काव्यमा देख्न पाइन्छ । जस्तैः

'लिपु' 'पौने पिएच्.डी.' र पुड्के 'कवि' म त्यै कवि
ब्रह्मवाणीमा 'मृतुञ्जयी महाकवि'
नेपाली कविता, काव्य काव्यशास्त्रानुचिन्तन,
समीक्षा लेखिटोपल्ने मै हुँ पारेर तान्तुन । (अङ्कुरण पर्व, पृ.४३ - १६)

काव्यमा अधिक तत्सम र तद्भव तथा आंशिक रूपमा आगन्तुक शब्दको प्रयोगले काव्य झङ्कृत बनेको छ । यसरी भाषा प्रयोगका दृष्टिले यस काव्यको गरिमा उच्च बनेको छ ।

जागृतिराग  काव्यको अर्को महत्त्वपूर्ण पाटो यसको शैली वा प्रस्तुतीकरण हो । काव्यकार पोखरेलको काव्यगत प्रस्तुतीकरण बेजोडको देखिन्छ । सामान्य शब्दचयन गरेर पनि विशिष्ट रूपमा व्यक्त गर्न सक्नु यस काव्यको विशेषता हो । सामान्य पाठकले पनि सर्लक्कै बुझ्नेगरीको आख्यानको प्रयोग यहाँ पाइन्छ । वर्णनात्मक र आलङ्कारिक शैलीसँगै संवाद शैलीको सहज प्रयोगले काव्यमा स्थान पाएको छ । मानव संवेदनालाई टपक्क टिपेर विचलनयुक्त भाषा र आलङ्कारिक शैलीका कारण काव्यकार प्रतिभाका धनी हुन् भन्ने देखिन्छ भने अकृत्रिम वर्णनगत क्षमता काव्यले काव्यको महत्ता अझ प्रगाढ बन्न पुगेको छ । लक्ष्मीप्रसाद देवकोटाको मुनामदन पढेको झल्को यस काव्यको भाषाशैलीमा पाइन्छ । प्रकृति, संस्कृति, संस्कृति, द्वन्द्व, पीडा, समाज, रिस, ईर्ष्या, प्रेम आदि सबै विषयवर्णनमा स्वच्छन्दतावादी भाव परिष्कारवादी शैली पाइन्छ ।

**छन्द**

छन्द वा लय कविताकाव्यको पहिचान हो र अन्य विधाबाट अलग गराउने तत्त्व पनि  हो । काव्यमा रहेका वार्णिक, मात्रिक, लोक र मुक्तमध्ये जागृतिराग  काव्यमा वार्णिक र मात्रिक छन्दको कलापूर्ण आयोजन पाइन्छ । यहाँ शिखरिणी, शार्दूलविक्रीडित, उपजाति, अनुष्टुप आदि छन्दहरूको सुन्दर प्रयोग रहेको छ । जस्तैः

कतै नाङ्गा बुङ्गा खगर, भिर, चट्टान बलिया

कतै बाङ्गा टिङ्गा बगरभरि ढुङ्गा चहकिला

कतै खोल्खा खाल्सी उडिलबिडिलो जिमी

सधैं नौलो लाग्ने प्रकेति-रमणिको रिमिझिमी । (शिखरिणी, अङ्कुरण पर्व, पृ.४५-६ श्लोक)

देखेथे रविको मुहार हँसिलो सत्प्रेरणाको जब

ढाक्रे वर्गसँगै लिएर विमलले बाटो उकालो तब

पर्सी पल्ट विहान चढ्न कसिए ती अद्रि ‘फालेलुङ’

सेता शैल कुला र पर्वत निला लागे खुला देखिन । (शार्दूलविक्रीडित, अङ्कुरण पर्व, पृ.५२-२२ श्लोक)

नेपाल पूर्वाञ्चलको वहाडे

पाखे खुँजेली र मिजास ठाडे

बाजे–बज्यैले ‘लिपु’ नाम राखी

खेलाइएको म हुँ स्निग्ध नाति। (उपजाति, अङ्कुरण पर्व, पृ.४० : ४ श्लोक)

देव वर्मा महामन्त्री लिई ब्राह्मणसत्तम

आए गर्न जयापीठ कस्मिरी नृप आक्रम

अरमुण्डी महावीर नेपाली नृपले तर

कँपाए उनलाई रे युद्धमा जिती थर्थर। (अनुष्टुप, अङ्कुरण पर्व, पृ.५ : ५ श्लोक)

यसरी छन्द प्रयोगको विविधताले काव्य प्रभावकारी बन्न पुगेको देखिन्छ।

**रस**

रस वा भाव पनि काव्यको महत्त्वपूर्ण अङ्ग हो। नौवटा रसभावहरूमध्ये काव्यमा करूण रसको बढी प्रयोग पाइन्छ। यसर्थ रस प्रयोगका दृष्टिले *जागृतिराग* काव्य निकै अर्थपूर्ण देखिन्छ। करुण रससँगै काव्यमा वीर, शान्त र श्रृङ्गार रसको आयोजन पाइन्छ। काव्यनायक विमलको केन्द्रीयतामा काव्यमा करूण रसको चमत्कृति पाइन्छ। भावकहरू विमलले जीवनमा भोगेका शारीरिक र मानसिक पीडाहरूको वर्णनबाट करूणजन्य भाव अनुभूत गर्दछन्। जस्तै -

‘के गरूँ म, कहाँ जाऊँ ? जिउमा छैन बर्गतै

मरें है, यत्तिकै’ भन्ने मनोभाव जनाउँदै

थचक्क, हात टेकेर बसे विमल त्यत्तिकै। (करूण रस, अङ्कुरण पर्व, पृ.६६ - ७ श्लोक)

नरेन्द्रले दिएको पीडाबाट आहत बनेको विमल थापाथपेनी, होटल मालिक तथा तराईमा प्रहरी प्रशासनबाट पनि पीडित बन्न पुगेको छ। अध्येताहरू विमलले भागेको कारूणिक पीडामा पीडाकै अनुभूत गर्दछन्। त्यस्तै शिक्षाको चेतनापछिको जीवनमा विमलमा आएको परिवर्तन र त्यसले निम्त्याएको परिणाम वर्णनमा वीररसको प्रयोग पाइन्छ। अन्याय, शोषण, बेथिति र अत्याचारको विरोधमा काव्यनायक लडिरहँदा देखिएको उत्साहजन्य परिस्थितिको वर्णनले वीरताजन्य भावलाई देखाएको छ। जस्तै -

त्यस्ता धाक सुनेर धान, हसिया कस्तै मुठीको मुठी

दिन्थे उत्तर ती किसान सुरिँदै गर्जी जुरुक्कै उठीः

लैजाओ लु त, धान डाँकुहरू हो ! पोरेर हाम्रा घर

हामी फेरि तुरुन्त ती उदर नै फोरेर झिक्तौंन र **?"** (प्रस्फुटन पर्व, पृ.१४५-३५ श्लोक)

त्यस्तै विमल र खुँजीको विवाह, लामो समयपछिको गृह पुनरागमन र खुँजीसँगको भेट तथा प्रेमालापजन्य घटनावर्णनमा आंशिक रूपमा भए पनि श्रृङ्गार रस पाउन सकिन्छ । जस्तैः

पैले बालकमै बिहा हुन गई ती मानिए दम्पती

ऐले छब्बिस वर्षका विमल छन् एक्काइसे छन् खुजी

त्यस्तो बैंस बहारका कुसुमको बास्ना लिई त्यस्तरी

देखिन्थे अब ती दुवै मिलनको मैरेय लागेसरि । (प्रस्फुटन पर्व, पृ.११६-४ श्लोक)

विमलको सन्यासग्रहण, धर्म, संस्कृति, सन्तहरूको दर्शन आदिको वर्णनमा शम वा समताको भाव व्यक्त गर्ने शान्त रसभावको प्रयोग पाइन्छ । यसरी रसभाव प्रयोगका दृष्टिले जागृतिराग  एक सफल महाकाव्य बन्न पुगेको छ ।

**बिम्बालङ्कार**

बिम्बालङ्कार र प्रतीक काव्यका गहना हुन् । यी काव्यको सौन्दर्य सृजनामा प्रयोग गरिन्छन् । जागृतिराग  काव्य पनि बिम्ब, प्रतीक र अलङ्कार प्रयोगका दृष्टिले महत्त्वपूर्ण बनेको छ । काव्यमा प्राकृतिक, सांस्कृतिक र सामाजिक बिम्बप्रतीकहरू प्रयोगमा रहेका छन् । बिम्ब एक प्रकारको छाँया हो । शब्दबिम्बका माध्यमबाट लक्ष्यित वस्तुलाई देखाउने गरिन्छ । त्यस्तै प्रतीक अमूर्त वस्तुको मूर्त प्रस्तुतीकरण हो । काव्यमा विमल सुरुमा निरीहता र शोषित वर्गको प्रतीकबनेर आएको छ भने काव्यको अन्त्यमा क्रान्ति र परिवर्तनको प्रतीक बनेको छ । त्यस्तै नरेन्द्र सामन्तको प्रतीक तथा थापाथपेनी, होटलका मालिकहरू त्यसका मतियार बनेका छन् । साधुसन्तहरू शान्तिका र विद्यार्थीको सङ्गठन एकताको प्रतीक बनिरहँदा विमलकी आमा र श्रीमती खुँजी पनि पीडित र निरीहताका प्रतीक बनेका छन् ।

अलङ्कार प्रयोगका दृष्टिले यो काव्य प्रभावशाली देखिन्छ । काव्यमा अन्त्यानुप्रास, उपमा, रूपक जस्ता अलङ्कारहरूको चमत्कारपूर्ण आयोजन पाइन्छ । संस्कृत साहित्यको गहन अध्ययन गरेका काव्यकारले शब्दालङ्कार र अर्थालङ्कारका माध्यमबाट आफूभित्र रहेको काव्यचेत प्रस्तुत गरेका छन् । काव्यमा रहेको जीवन, जगत्, दर्शन, समाजविषयक वर्णनमा आलङ्कारिकता पाइन्छ । मानवता र स्वतन्त्रताको खोजीमा लागेका काव्यकारले समाजको प्रगतिका बाधक बनेका नरेन्द्रजस्ता धमिराहरूको विरोध गरी विमलहरूको सत्ता प्राप्तिमा लाग्न गरेको आग्रह वर्णनमा तथा सामाजिक, राजनीतिक बेथिति र विसङ्गतिको उद्घाटनमा स्वाभाविक आलङ्कारिक चेत देखाएका छन् । भन्नुपर्ने विषयलाई ट्वाक्क भन्न रुचाउने काव्यकारले बिम्ब, प्रतीक र अलङ्कार प्रयोगमा कृत्रिमताभन्दा सहज प्रयोगमा जोड दिएका छन् ।

## शीर्षक

शीर्षक कुनै पनि रचनाको पहिचान हो । रचनाको शीर्षक काव्यनायक, नायिका वा विषयवस्तुलाई आधार बनाएर वा प्रतीकात्मक रूपमा समेत राख्ने प्रचलन पाइन्छ । प्रस्तुत काव्यको शीर्षक जागृति वा जागरणको रागको समासात्मक रूप *जागृतिराग* राखिएको छ । काव्यको शीर्षकले जनतामा रहेको परिवर्तनप्रतिको चाहलाई सङ्केत गरेको छ । काव्यकार सभ्य, समुन्नत र मानवतावादमा आधारित समाजको पक्षमा छन् । पञ्चायतकालीन शासनव्यवस्थामा मुठीभरका सामन्तीहरूको रजगज रह्यो भने प्रायः जनताहरूको जीवन अन्याय, पीडा र शोषणमा बित्यो । यस अवस्थामा समाज र राष्ट्रले नै प्रगतिभन्दा भ्रष्टाचार, दुराचारलाई प्रश्रय दियो । यसको विरोध गरी काव्यमा विमलहरूका माध्यमबाट नरेन्द्रजस्ता सामन्तहरूको अन्त्य गरिनुपर्ने विचार पाइन्छ । विमल काव्यको सुरुमा अशिक्षित, कमजोर, निरीह र शोषित देखिन्छ तर शास्त्री तहको शिक्षा लिएर सङ्गठनमा आबद्ध भएपछि एकता र सङ्घर्षबारे बुझ्दछ र अधिकारका लागि नरेन्द्रसँग लड्न तयार हुन्छ । काव्यले जबसम्म समाजमा शिक्षा, स्वास्थ्य, रोजगारसँगै गाँस, बास, र कपासको समानुपातिक उपभोग गर्न जनताहरूले पाउँदैनन्, तबसम्म समाज र समग्र देशको परिवर्तन असम्भव छ भन्ने काव्यकारको परिवर्तनशील विचारलाई काव्यको विषयवस्तु बनाइएको छ र यसै विचारको जगमा काव्यको शीर्षक राखिएको छ । समाजमा प्रत्येक विमलहरूमा जागरणप्रतिको राग विकास नभएसम्म परिवर्तन हुँदैन र राष्ट्र उन्नतिशील हुँदैन भन्ने सन्दर्भ नै काव्यको शीर्षक बनेर आएको छ । समाज र राष्ट्रको परिवर्तनका लागि जनतामा अन्याय, अत्याचार र शोषणको विरोध गर्ने र आफ्नो अधिकारका लागि आफैं लड्नसक्ने चाह विकास नभएसम्म मानवतावादमा आधारित समुन्नत, स्वतन्त्र र अधिकारसम्मत राष्ट्र

बन्न सक्तैन भन्ने काव्यको केन्द्रीय विचारलाई समेटेर शीर्षक राखिएका कारण काव्यको शीर्षक प्रभावकारी र सार्थक बन्न पुगेको छ।

## परिवेश

परिवेश भन्नाले देश, काल र वातावरण भन्ने बुझिन्छ। परिवेशले काव्यलाई विश्वसनीय बनाउँदछ। *जागृतिराग* काव्यमा देशअन्तर्गत स्वदेश र विदेश दुवै परिवेशको आयोजन पाइन्छ। नेपालको पूर्वी पहाड र भारतका दार्जिलिङ र वनारससम्मको देशगत परिवेश काव्यमा आएको छ। त्यस्तै काल वा समयगत परिवेशअन्तर्गत काव्यमा पञ्चायती व्यवस्थाको अवधिभरलाई समेटिएको पाइन्छ। पञ्चायतकालीन सामन्ती समाज र सामन्तहरूको षड्यन्त्र, हिंसा, अत्याचारजस्ता विविध विषयहरू यहाँ आएका छन्। वातावरणभित्र काव्यमा सहरी र गाउँले दुवै परिवेश आएका छन्। त्यस्तै काव्यमा विवाहजस्ता घटनाहरू पनि समेटिएका कारण सांस्कृतिक परिवेश तथा सामन्ती र पीडित वर्गको द्वन्द्वका कारण द्वन्द्वगत परिवेश पनि काव्यमा पाइन्छ। परिवेशमा पात्रहरूको आनीबानी, बोलीचाली, रहनसहन, संस्कार, संस्कृति, भेषभूषाहरू आएका हुन्छन्। यस काव्यमा चरम शोषण, दमन, अन्याय, बेथिति, विसङ्गति, द्वन्द्व, प्रेम, पलायन, साँझ, बिहान, अशिक्षा, गरिबी , यात्रावर्णन, रोगी, अस्पताल, साधुसन्तहरू, विद्यार्थी सङ्गठन, सचेत र एकताबद्ध मानहरू, प्रहरी प्रशासनको दादागिरी, मुलुकी ऐन र यसको प्रभावसँगै जनतामा आएको चेतना र परिवर्तनजस्ता विविध विषयहरू परिवेश बनेर आएका छन्। काव्यगत परिवेशको यथार्थ वर्णनले काव्यलाई जीवन्त बनाएको छ। समाज, संस्कृति, क्रान्ति, विरोध, समर्थन, अधिकार, कर्तव्यजस्ता विषयहरू समेटेर तयार पारिएका कारण परिवेशगत रूपमा यो काव्य उत्कृष्ट बन्न पुगेको छ।

## निष्कर्ष र उपलब्धि

*जागृतिराग* महाकाव्यमा नेपालको पूर्वी पहाडको सामाजिक यथार्थलाई कथावस्तु बनाइएको छ। समाजमा रहेको सामन्ती व्यवस्था र त्यसको चापप्रतिचापमा बाँचेका नेपालीहरूको रुग्ण जीवनावस्था यहाँ रहेको छ। त्यसमध्ये विमल शोषित वर्गको प्रतिनिधि तथा काव्यको नायक हो भने नरेन्द्र सामन्ती प्रवृत्तिको खलनायक हो। पञ्चायती व्यवस्थाको अवधि सँगै यहाँ पाइने हत्या, हिंसा, षड्यन्त्र परिवेश बनेको कथामा जनतामा जागृतिराग वा परिवर्तनप्रतिको भोक नजागेसम्म परिवर्तन सम्भव छैन भन्ने प्रगतिवादी विचारलाई केन्द्रीय विचार वा सारवस्तु बनाइएको छ। शिखरिणी, शार्दूलविक्रीडित, उपजाति, अनुष्टुप आदि छन्दसँगै करुण रसको केन्द्रीयता र वीर, श्रृगार, शान्त रसहरूको आयोजन रहेको काव्यमा प्रतीक, बिम्ब र अलङ्कारको कलापूर्ण प्रयोग पाइन्छ। जनतामा जागेको परिवर्तनप्रतिको जागरणलाई काव्यले शीर्षक

बनाएको छ । यसरी आफ्नो हकअधिकारका लागि जनता सचेत भई आफैं सङ्घर्ष गर्नुपर्छ र परिवर्तन सम्भव हुन्छ भन्ने प्रगतिवादी विचारसँगै स्वच्छन्दतावादी भाव र परिष्कारवादी शैली बोकेको जागृतिराग काव्य भाषाशैली, बिम्बालङ्कार, रस र लयका दृष्टिले अब्बल तथा कथाविन्यास, पात्रजन्य तत्त्वगत मान्यताका दृष्टिले मध्यमस्तरको काव्य बन्न पुगेको छ भन्नु नै यस लेखको निष्कर्ष र उपलब्धि हो ।

## सन्दर्भसामग्री सूची


घिमिरे, माधवप्रसाद (२०३९), *पच्चीस वर्षका खण्डकाव्य*, ने.रा.प्र.प्र. ।

त्रिपाठी, वासुदेव (२०६५), *नेपाली कविता भाग ४*, (पाँ.संस्क.), साझा प्रकाशन ।

थापा, मोहनहिमांशु (२०७३), *साहित्य परिचय*, (छै..संस्क.), साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०३९), *माधव घिमिरेका विशिष्ट खण्डकाव्य*, साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०५६), जागृतिराग, लेखक स्वयम् ।

शर्मा, तारानाथ (२०५१), *नेपाली साहित्यको इतिहास*, साझा प्रकाशन ।

सुवेदी, दधिराज (२०६६, असोज), *भानुभक्त पोखरेलको काव्यिक व्यक्तित्वको सिंहावलोकन*, गरिमा १० (३२२), ५५ ।

सुवेदी, राजेन्द्र (२०५६), जागृतिराग (भूमिका), भानुभक्त पोखरेल ।